नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

मितिः २०७८/०९/२६

## सूचना ।

हालैका दिनहरूमा कोभिड-१९ को संक्रमण तीव्ररूपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसि) को मिति २०७८/०९/२५ को सिफारिस तथा मन्त्रालयको मिति २०७८/०९/२६ को निर्णयअनुसार देहाय बमोजिम गर्नु गराउनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छः

१. देशभरका सबै आधारभुत तथा माध्यमिक विद्यालयहरूले वार्षिक विदामा मिलान हुने गरी यही २०७८ पौष २७ गते देखि २०७८ माघ १५सम्म विदा दिने। विदाको अवधिमा सिकाई सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाइमा आवश्यक सहजीकरण गर्ने ।

२. विदाको अवधिमा विद्यालयका प्रधानाध्यापकले स्थानीय तहमा रहेको स्वास्थ्य चौकीसँग सम्पर्क गरी १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई कोही पनि नछुट्ने गरी खोप लगाउने अभियानमा आवश्यक समन्वय र सहजीकरण गर्ने ।

३. १८ वर्ष उमेर समूह र सो भन्दा माथिका सबै उमेर समूहका पूर्ण खोप लगाउन बाँकी विद्यार्थी शिक्षक शिक्षण संस्थाका कर्मचारी तथा अभिभावकहरूले खोपका लागि स्थानीय तहमा रहेको स्वास्थ्य चौकीमा सम्पर्क गर्ने ।

४. विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाहरू जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरू पालना हुनेगरी जेड आकारमा वसाइ व्यवस्था गरी सञ्चालन गर्ने। परीक्षा केन्द्रमा मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दुरीको प्रावधान कडाइका साथ परिपालन गर्ने ।

५. माघ ७ गते देखि शिक्षण संस्थामा प्रवेश गर्ने सबैले खोपकार्ड अनिवार्य रूपमा साथमा राख्ने प्रवन्ध सम्वन्धित शिक्षण संस्थाले मिलाउने .

६. सबै शिक्षण संस्थाहरूले अर्को सूचना जारी नभएसम्म अभिभावक दिवस वा वार्षिक उत्सव जस्ता सार्वजनिक समारोहको कार्यक्रमहरू आयोजना नगर्ने ।

७. यसपटकको २०७८ माघ १ गते मनाइने राष्ट्रिय योग दिवस "सर्वाङ्गीण विकासका लागि योग" भन्ने नाराका साथ सार्वजनिक भेला वा समारोह नगरी भर्चुअल माध्यमवाट मनाउने ।

२०७८/९/२६

(दीपक शर्मा)
सहसचिव एवं प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

मिति: २०७८।०९।२७

## जिल्ला प्रशासन कार्यालयको अनुरोध

कोरोना भाईरस (कोभिड-१९ ओमिक्रोन भेरियण्ट) को संक्रमण विश्वव्यापी रुपमा फैलिरहेको र नेपालमा समेत संक्रमणको जोखिम रहेको हुँदा उक्त भेरियण्ट संक्रमणलाई न्यूनीकरण तथा नियन्त्रण गर्ने प्रयोजनका लागि मिति २०७८।०९।२७ गते बसेको DCCMC बैठकबाट तपसिल अनुसार गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैमा देहाय बमोजिम गर्न गराउनका लागि जानकारी गराइन्छ ।

### तपसिल

- सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै जना उपस्थित हुने गरी प्रशासनिक, सामाजिक एवं त्यही प्रकृतिको कार्यक्रम नगर्ने ।
- अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर गर्ने ।
- अर्को सूचना नभएसम्म सार्वजनिक स्थलहरुमा २५ जनाभन्दा बढी भेला हुने गरी मेला, भेला तथा महोत्सवहरु आयोजना नगर्ने, नगराउने ।
- यही माघ ७ गतेदेखि सार्वजनिक स्थानहरुमा (कार्यालय, होटल, रेष्टुरेण्ट, सिनेमा हल, रंगशाला, हवाईयात्रा, पार्क आदि) प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र ती निकायहरुले खोप कार्ड हेरेर मात्र कार्यालयमा प्रवेश पाउने ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाण्डौको मिति २०७८।०९।२६ गतेको प्रेस विज्ञप्ती अनुसार मिति २०७८ पौष २७ गते देखि २०७८ माघ १५ गतेसम्म स्थानीय तहहरुले विदा दिने व्यवस्था मिलाउने र उक्त अवधिमा १२ वर्ष देखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरुलाई सबै स्थानीय तहमा रहेको स्वास्थ्य चौकी मार्फत खोप लगाउने व्यवस्था मिलाउनुका साथै सिकाई सहजीकरण निर्देशिका २०७७ ले गरेको व्यवस्था बमोजिम विद्यार्थीको सिकाईमा आवश्यक सहजीकरण गर्ने प्रबन्ध मिलाउने र विश्वविद्यालय र शैक्षिक प्रतिष्ठानहरुले पूर्व निर्धारित सेमेष्टर र वार्षिक परीक्षाका कार्यक्रहरु जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गरी संचालन गर्ने ।
- ओमिक्रोन भेरियण्ट सहितको कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार व्यवस्थालाई प्रभावकारी बनाउन जिल्ला स्वास्थ्य कार्यालयले जिल्लास्थित सबै स्थानीय तहसँग समन्वय गरी ग्रामीणस्तर तथा सीमा क्षेत्रका सबै स्थानीय तहहरुले सीमा नाकामा हेल्थडेस्क स्थापना गरी चेकजाँच लगायतका आवश्यक कार्य गर्ने साथै स्वास्थ्य कार्यालयले रेडियो, एफ.एम. मार्फत सन्देशमूलक सूचना प्रसारण गर्ने ।
- सबै सरकारी संस्था तथा निकायहरुले ओमिक्रोन भेरियण्टको कोभिड-१९ को संक्रमण हुन नदिनका लागि पूर्व तयारी गर्ने ।

धर्मेन्द्र कुमार मिश्र
प्रमुख जिल्ला अधिकारी